# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमा, पुस २६ गते २०३९ साल


### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको
### सूचना

श्री ५ को सरकारले नेपाल मुद्रा ऐन, २०१९ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी हाल साधारण चलन चल्तीमा रहेका मुद्राहरू र असर्फीमा समेत हालको डिजाईन बदली देहायबमोजिमको नयाँ नाप, साईज र धातुको मुद्रा श्री ५ को सरकार अर्थ मन्त्रालय टक्सार तथा नापतौल विभागबाट टकमरी गरी प्रचलनमा ल्याउने भएकोले यो सूचना प्रकाशित गरिएको छ ।

डबल असर्फी:–

एकापट्टि:– घेरामा १२ कुने डिल र चौसट्ठी थोप्लाहरू, बीचमा चतुष्कोणभित्र त्रिशूलयुक्त स्वस्तिकमा "श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव" वरिपरि दायाँ बायाँ शंख, चक्र, गदा, पद्म माथि चन्द्र र सूर्यको बीचमा "श्री श्री" तल "२०३९" अंकित ।

अर्कोपट्टि:– घेरामा १२ कुने डिल र चौसट्ठी थोप्ला वरिपरि अष्टकोणभित्र "श्री श्री श्री गोरखनाथ" बीचमा "खड्ग" र त्यसको माथि "श्री भवानी" र "फूलहरू" मुनि "असर्फी" नेपाल ।



४८१

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

व्यासः— २३ मी. मी.
तौलः— १० ग्राम
धातुः— सुन ९०% अन्य १०%
सिरेशनः— १००

मोहर असफीं

एकापट्टिः— घेरामा १२ कुने डिल र चौसट्ठी थोप्लाहरू बीचमा चतुष्कोणभित्र त्रिशूलयुक्त स्वस्तिकमा "श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव" वरिपरि दायाँ बायाँ शँख, चक्र, गदा, पद्म माथि चन्द्र र सूर्यको बीचमा "श्री श्री" तल "२०३९" अङ्कित।

अर्कोपट्टिः— घेरामा १२ कुने डिल र चौसट्ठी थोप्ला वरिपरि अष्टकोणभित्र "श्री श्री श्री गोरखनाथ" बीचमा "खड्ग" र त्यसको माथि "श्री भवानी" र "फूलहरू" मुनि "असर्फी" नेपाल।

व्यासः— २० मी. मी.
तौलः— ५ ग्राम
धातुः— सुन ९०% अन्य १०%
सिरेशनः— ६०

रू. ५।– को मुद्रा :—

एकापट्टिः— घेरामा १२ कुने डिल र चौसट्ठी थोप्लाहरू बीचमा चतुष्कोणभित्र त्रिशूलयुक्त स्वस्तिकमा "श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव" वरिपरि दायाँ बायाँ शँख, चक्र, गदा, पद्म माथि चन्द्र र सूर्यको बीचमा "श्री श्री" तल "२०३९" अंकित।

अर्कोपट्टिः— घेरामा १२ कुने डिल र चौसट्ठी थोप्ला वरिपरि अष्टकोणभित्र "श्री श्री श्री गोरखनाथ" बीचमा "खड्ग" र त्यसको माथि "श्री भवानी" र "फूलहरू" मुनि "पाँच रूपैयाँ" नेपाल।

व्यास :— २९.० मी. मी.
तौल :— ८.५ ग्राम
धातु :— तामा ७५% निक्केल २५%
सिरेशन :— साधा

रू. १।– को मुद्रा :—

एकापट्टिः— घेरामा १२ कुने डिल र चौसट्ठी थोप्लाहरू बीचमा चतुष्कोणभित्र त्रिशूलयुक्त स्वस्तिकमा "श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव" वरिपरि दायाँ बायाँ शँख, चक्र, गदा, पद्म माथि चन्द्र र सूर्यको बीचमा "श्री श्री" तल "२०३९" अङ्कित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अर्कोपट्टि :— घेरामा १२ कुने डिल र चौसट्ठी थोप्ला वरिपरि अष्टकोणभित्र "श्री श्री श्री गोरखनाथ" बीचमा "खड्ग" र त्यसको माथि "श्री भवानी" र "फूलहरू" मुनि "एक रूपैयाँ" नेपाल।

व्यासः— २३.० मी. मी.

तौलः— ४.५ ग्राम

धातुः— तामा ७५% निक्केल २५ %

सिरेशनः— साधा

—।५० पैसाः—

एकापट्टिः— घेरामा १२ कुने डिल र चौसट्ठी थोप्लाहरू बीचमा चतुष्कोणभित्र त्रिशूल-युक्त स्वस्तिकमा "श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव" वरिपरि दायाँ बायाँ शँख, चक्र, गदा, पद्म माथि चन्द्र र सूर्यको बीचमा "श्री श्री" तल "२०३९" अङ्कित।

अर्कोपट्टिः— घेरामा १२ कुने डिल र चौसट्ठी थोप्ला वरिपरि अष्टकोणभित्र "श्री श्री श्री गोरखनाथ" बीचमा "खड्ग" र त्यसको माथि "श्री भवानी" र "फूलहरू" मुनि "पचास पैसा" नेपाल।

व्यासः— २०.० मी. मी.

तौलः— ३.० ग्राम

धातुः— तामा ७५% निक्केल २५%

सिरेशनः— साधा

—।२५ पैसाः—

एकापट्टिः— घेरामा वरिपरि चौसट्ठी थोप्लाहरू बीचमा राष्ट्रिय क्रेष्ट वरिपरि माथि "श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव" मुनि नेपाल "२०३९"

अर्कोपट्टिः— घेरामा १२ कुने डिल र चौसट्ठी थोप्ला वरिपरि अष्टकोणभित्र "श्री श्री श्री गोरखनाथ" बीचमा "खड्ग" र त्यसको माथि "श्री भवानी" र "फूलहरू" मुनि "पच्चीस पैसा" नेपाल।

व्यासः— २४.५ मी. मी.

तौलः— १.८ ग्राम

धातुः— आलमुनियम ९७.५% म्याग्नेसियम २.५%

सिरेशनः— साधा

—।१० पैसाः—

एकापट्टिः— घेरामा वरिपरि चौसट्ठी थोप्लाहरू बीचमा राष्ट्रिय क्रेष्ट वरिपरि माथि "श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव" मुनि नेपाल "२०३९"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| अर्कोपट्टि:– | घेरामा १२ कुने डिल र चौसट्ठी थोप्ला वरिपरि अष्टकोणभित्र "श्री श्री श्री गोरखनाथ" बीचमा "खड्ग" र त्यसको माथि "श्री भवानी" र "फूलहरू" मुनि "दश पैसा" नेपाल। |
| व्यास:– | २१.५ मी. मी. |
| तौल:– | १.३ ग्राम |
| धातु:– | आल्मुनियम ९७.५% म्याग्नेसियम २.५% |
| सिरेशन:– | साधा |

—।०५ पैसा:—

| | |
|---|---|
| एकापट्टि:– | घेरामा वरिपरि चौसट्ठी थोप्लाहरू बीचमा राष्ट्रिय क्रेष्ट वरिपरि "श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव" मुनि नेपाल "२०३९" |
| अर्कोपट्टि:– | घेरामा १२ कुने डिल र चौसट्ठी थोप्ला वरिपरि अष्टकोणभित्र "श्री श्री श्री गोरखनाथ" बीचमा "खड्ग" र त्यसको माथि "श्री भवानी" र "फूलहरू" मुनि "पाँच पैसा" नेपाल। |
| व्यास:– | १८.० मी. मी. |
| तौल:– | ०.८ ग्राम |
| धातु:– | आल्मुनियम ९७.५ % म्याग्नेसियम २.५% |
| सिरेशन:– | साधा |

—।०१ पैसा:—

| | |
|---|---|
| एकापट्टि:– | घेरामा वरिपरि चौसट्ठी थोप्लाहरू बीचमा राष्ट्रिय क्रेष्ट वरिपरि माथि "श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव" मुनि नेपाल "२०३९" |
| अर्कोपट्टि:– | घेरामा १२ कुने डिलर चौसट्ठी थोप्ला वरिपरि अष्टकोणभित्र "श्री श्री श्री गोरखनाथ" बीचमा "खड्ग" र त्यसको माथि "श्री भवानी" र "फूलहरू" मुनि "एक पैसा" नेपाल। |
| व्यास:– | १५.० मी. मी. |
| तौल:– | ०.५ ग्राम |
| धातु:– | आल्मुनियम ९७.५% म्याग्नेसियम २.५% |
| सिरेशन:– | साधा |

आज्ञाले,

कर्णध्वज अधिकारी

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।